
"जाजरकोटी मन र शहीदका आकांक्षाको सम्मान :
समृद्धिका लागि सामाजिक न्याय र सुशासन"




# जाजरकोट बदल्ने सपनाहरू

२०८२

नेपाली कम्यूनिष्ट पार्टी
जाजरकोट

गत २०८२ भाद्र महिनाको युवा आन्दोलन मार्फत अभिव्यक्त जनताका अपेक्षा र नागरिक जीवन, स्वतन्त्रता र मर्यादाको रक्षा गर्न भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्ने आवश्यकता मनन गर्दै,

दण्डहीनता र भ्रष्टाचारका विरुद्ध नेपाली कम्यूनिष्ट पार्टीको भूमिका र पृष्ठभूमिमा आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनमा नेपाली कम्यूनिष्ट पार्टीको प्रतिवद्धता पत्रको मर्म र भाव ध्यानमा राख्दै,

जाजरकोटको परिचय नेपाली कम्यूनिष्ट पार्टीका तर्फवाट प्रत्यक्ष तर्फ श्री शक्ति वहादुर वस्नेत तथा समानुपातिक तर्फ श्री कृष्ण वहादुर वुढा र श्री पार्वती वि.क. लाई उम्मेदवार वनाई जाजरकोटको रुपान्तरण, सार्वजनिक सेवा, समावेशी विकास र सुशासन संस्थागत गर्न निम्न प्रतिवद्धता गर्दछौं ।

विशिष्ट प्राथमिकता :

(क) जाजरकोट भूकम्प, २०८० का पीडित आवास पुनर्निर्माण/नव निर्माण

**२०८० सालमा कार्तिकमा भूकम्प भए लगत्तै नेपाल सरकारवाट भएको निर्णय अनुसार उक्त स्थानमा वस्न लायक अर्को घर नभएकोमा लाभग्राही मान्ने, स्थायी आवास निर्माण गर्न प्रति भूकम्प पीडित कम्तिमा रु. ५,००,०००। कायम गर्ने, पहिलो किस्तामा कम्तिमा १,५०,०००। उपलव्ध गराउने, झन्झटिलो विस्तृत क्षती मूल्यांकन प्रक्रिया हटाई सरलीकरण गर्दै विपद प्रभावित नीजि आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि संशोधन गरी पुर्ननिर्माण तथा नव निर्माण छिटो सम्पन्न गर्न पहल गर्ने ।**

(ख) संघीयता सवलीकरण

- संघीयताको मर्म र भावना तथा संविधानको कार्यादेश वमोजिम प्रदेश सरकार सञ्चालन सम्वन्धी एकल अधिकार र साझा अधिकार कार्यान्वयनका लागि नयां कानून निर्माण गर्न पहल गर्ने ।
- स्थानीय तहका साझा अधिकार कार्यान्वयनका लागि नयां कानून निर्माण गर्न पहल गर्ने ।
- मौजूदा कानून र नीतिलाई आवश्यक परिमार्जन, संशोधन र प्रतिस्थापन गर्न पहल गर्ने ।

(ग) जन सम्वन्ध

- जन प्रतिनिधि र जाजरकोटी जनता संगको अन्तर सम्वन्ध सवल वनाउन र संस्थागत विकास गरिने छ ।
- जन प्रतिनिधिलाई जनजिवीकाका सवालमा जवाफदेही वनाईने छ ।
- जिल्ला, प्रदेश र संघीय स्तरमा जनजीविकाका विषय सम्वोधन गर्न विशेष व्यवस्थापन गरिने छ ।
- संघीय राजधानीमा रहेका जाजरकोटीका काम, विषय र समस्या सम्वोधन गर्न विशेष व्यवस्था गरिने छ ।

(घ) गरिवी निवारण

**गरिव घरधूरी प्रतिशत वढी भएको जुनीचादे गाउंपालिका सहित सिंगो जाजरकोट जाजरकोट जिल्लामा गरिवी निवारणका लागि स्थानीय तह, प्रदेश सरकार, नेपाल सरकार, मित्रराष्ट्र, विकास साझेदारहरुको सहकार्यमा विशेष वहुपक्षीय प्याकेज सहितको एकीकृत विकास कार्यक्रम कार्यान्वयन गर्न पहल गरिने छ ।**

१. भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती

(क) सडक पूर्वाधार

- लुम्विनी – रारा राजमार्गको जाजरकोट खण्डको वांकी ट्रयाक खोल्ने र कालोपत्रे सम्पन्न गर्ने ।
- स्थानीय तह केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने तथा सवै वडा केन्द्र जोड्ने सडक स्तरोन्नती गर्ने ।
- जाजरकोट खलंगा – मछाईना –ढुंगीला सडक स्तरोन्नती गर्ने ।
- मोर्क – सानाखोला – चादे सडक ट्रयाक खोल्ने सहित अन्तरगतको वांकी काम सम्पन्न गर्ने ।
- छेडा – कचाली सडक स्तरोन्नती गर्ने ।
- धरमपोखरा – कचाली - देशिपाटा - पञ्चाला जुनी सडक स्तरोन्नती गर्ने ।
- पाचकाटिया - नेटिलेक – वारेकोट - जुम्ला सडक स्तरोन्नती गर्ने ।
- मनाघाट - थलह - वाटुले रारा राजमार्ग जोड्ने सडक स्तरोन्नती गर्ने ।
- नरमारा – लुहादह – सिर्पा – जुनी सडक स्तरोन्नती गर्ने ।
- सुयाडा – खामालेख - वालुवा तथा कालिमाटी - लिम्सा – मुलसाम सडक स्तरोन्नती गर्ने ।
- खलंगा वोहरा – ईवर – गंगटिया – पुन्मा – मेलटाकूरी सडक स्तरोन्नती गर्ने ।
- वाटुले - टापुचौर - सौरेनी सडक वांकी ट्रयाक खोल्ने सहित स्तरोन्नती गर्ने ।
- भूरचौर - स्याउली - भेरेखर्क - डिंगा - वैरीताल सडक लगायत स्तरोन्नती गर्ने ।
- सडक सञ्जालमा नजोडिएका सवै वस्तीलाई सडक सञ्जालमा जोड्ने ।
- कालीमाटी – लिम्सा – जुम्ला सडक लगायतका रणनीतिक महत्वका सडकको स्तरोन्नती गर्ने ।

(ख) सिंचाई

- ५ वर्ष भित्र जिल्लाका सवै खेतीयोग्य जमीनमा सिंचाई सुविधा सुविधा उपलव्ध गराउने ।
- सिंचाई प्रोफाईलका आधारमा सम्भाव्य सवै निर्माणाधीन सिंचाई आयोजना सम्पन्न गर्ने ।
- वैकल्पिक सिंचाई प्रणालीका रुपमा लिफ्ट र थोपा सिंचाई प्रणाली समेत अवलम्वन गर्ने ।
- सञ्चालनमा रहेका सिंचाई प्रणालीहरु आवश्यकतानुसार मर्मत गर्ने ।

(ग) संचार सेवा

- वांकी सवै वस्तीहरुमा टेलिफोन/मोवाईल र ईन्टरनेट सेवा विस्तार गर्ने ।
- सवै स्थानीय तहको केन्द्र सम्म अप्टिकल फाईवर सेवा विस्तार गर्ने ।
- सवै स्थानीय तहमा क्ष्त एबचप निर्माण गर्ने र डिजीटल जाजरकोट अभियान शुरु गर्ने ।
- सुशासन तथा जवाफदेही शासन संचालनमा सहयोग पुग्ने जिम्मेवार मिडीयाको विकास गर्ने ।

(घ) खानेपानी

- जिल्लाका सम्पूर्ण वस्तीमा गुणस्तरीय खानेपानी र आधारभूत स्तरको सरसफाई सुविधा उपलव्ध गराउने ।

- निर्माणाधीन खानेपानी योजनाहरुको दीगो मर्मत सम्भार र व्यवस्थापन गर्ने ।
- स्थानीय तहको अगुवाई र स्थानीय समुदायको सहभागितामा खानेपानीका श्रोत संरक्षण गर्ने ।
- सामुदायिक खानेपानी योजनाहरुको क्षमतालाई गुणस्तरीय सेवा प्रवाहका लागि सवल वनाउने ।

(ङ) विद्युतीकरण

- ४१७ मेघावाट क्षमताको नलगाड जलविद्युत आयोजना, ९८ मेघावाट डांडागाउं भेरी जलविद्युत आयोजना र विराखोला – सुवागाड जलविद्युत आयोजनाको निर्माण कार्य शुरु गर्ने ।
- कार्य प्रारम्भ हुन थालेको १२० मेघावाट जगदुल्ला ए जलविद्युत आयोजना र ७ मेघावाट ताक्सुगाड को निर्माण कार्य जलविद्युत आयोजनाको निर्माण सिघ्र सम्पन्न गर्ने ।
- १ वर्ष भित्र दानीपिपल – मैनतडा ४०० के.भी. क्षमताको प्रशारण लाईनको निर्माण सम्पन्न गर्ने ।
- कुशेको समाईला र छेडागाडको वडावनमा निर्माणधीन सव स्टेशन निर्माण सम्पन्न गर्ने ।
- जाजरकोट जिल्लाका सवै वस्तीमा सुलभ र गुणस्तरीय विद्युतिकरण सम्पन्न गर्ने ।

(च) पर्यटन पूर्वाधार

- जाजरकोट जिल्लालाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण र विकास सहित अन्य पूर्वाधार निर्माणका लागि पहल गर्ने ।
- जिल्लाको पर्यटन विकास योजना अध्यावधिक गर्ने र साझेदारीमा कार्यान्वयन गर्न पहल गर्ने ।
- नलगाड जलविद्युत आयोजना कार्यान्वयन सगै जलाशय भूगोल वरपर र माथिल्लो भागमा हरित सडक, स्केटिंग, जलविहार, उच्च अल्टिच्यूड खेलकूद, दुर्लभ चराचुरुंगी, वन्यजन्तु र वनस्पति अवलोकन, सवै जैविक विविधताको संरक्षण हुने गरी जलवायु परिवर्तन र विपद संवेदनशीलतालाई ध्यान दिदै सुन्दर वारेकोट/जाजरकोट/जुम्ला वीचका हिमालको मनोरम दृश्यावलोकन परिकल्पना सहितको योजना निर्माण ।
- जाजरकोट दरवारलाई संग्रहालय वनाउने र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, गौरव गाथा वोकेका भाषा, संस्कृति, साहित्य, कला सहितका हाम्रा गौरवको संरक्षण, अभिलेखन तथा प्रचार प्रसार गर्ने ।

(छ) जडीवूटी शंकलन र प्रशोधन : जडीवूटी प्रशोधन केन्द्रको स्तर वृद्धि गरी नियमित संचालनमा ल्याउने ।

(ज) खेलकूद पूर्वाधार

- सदरमुकाम खलङ्गामा १००० जना भन्दा वढी क्षमताको जिल्ला स्तरीय रंगशाला निर्माण गर्ने ।
  जिल्ला सदरमुकाम खलङ्गामा रहेको कर्भडहलको स्तरोन्नती तथा स्थानीय तहमा खेलमैदान निर्माण गर्ने ।
- हाई अल्टिच्यूड स्पोर्टका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने ।

(झ) सामुदायिक पूर्वाधार

- सदरमुकाममा १००० जना भन्दा वढी मानिस अट्ने कार्यक्रम सभा हल निर्माण गर्ने ।
- सार्वजनिक भौतिक संरचना र सेवा अपांगता भएका व्यक्तिको पहुंचयोग्य वनाउन विशेष पहल गर्ने ।
- स्थानीय तहमा खेल मैदानहरुको निर्माण र व्यवस्थापन गर्ने ।

२. आर्थिक विकास (उत्पादन, गरिवी निवारण र रोजगारी श्रृजना)

(क) आर्थिक विकासको आधार उर्जा - ४१७ मेघावाट नलगाड जलविद्युत आयोजना, ९८ मेघावाट डांडागाउं भेरी जलविद्युत आयोजना, विराखोला – सुवागाड जलविद्युत आयोजनाको निर्माण कार्य शुरु गर्ने र कार्य शुरु हुन थालेको १२० मेघावाट जगदुल्ला ए जलविद्युत आयोजना र ७ मेघावाट क्षमताको ताक्सुगाड जलविद्युत आयोजना र विराखोला – सुवागाड जलविद्युत आयोजनाको निर्माण कार्य शुरु गर्ने ।

(ख) कृषिमा रुपान्तरण (उत्पादन र व्यावसायिकरण)

- खाद्य सम्प्रभुताको हक सुनिश्चित गर्न किसान उत्प्रेरणा र जीवन रक्षा कानून निर्माण गर्ने ।
- कर्णाली समृद्धिको आधार प्राकृतिक खेती प्रवर्द्धन गर्ने ।
- उत्पादन । उत्पादकत्व वृद्धिका साथै आय वृद्धिका लागि उच्च मूल्य कृषि वस्तु प्रवर्द्धन गर्ने ।
- स्थानीय तह, प्रदेश सरकार संगको सहकार्यमा कृषिमा व्यावसायिकरण र वजारीकरणका पहल गर्ने ।
- सम्भावनाका आधारमा जिल्लाका विभिन्न भागमा थप नयां कृषि जोन, व्लक र पकेट विस्तार गर्ने ।
- १ वडा १ उत्पादन कार्यक्रम शुरु गर्ने र १ स्थानीय तह १ काष्ठ उद्योग सञ्चालन गर्ने ।
- व्यावसायिक रुपमा उच्च मूल्य श्रृंखलामा जडीवूटी र सुगन्धमय प्रजातीको खेती आरम्भ गर्ने ।
- सुन्तला र ओखर जोनलाई सुपरजोन वनाउने र महको वृहद उत्पादन वृद्धि गर्ने ।
- सडक कोरिडोर नजीक उत्पादन वृद्धिका प्याकेजहरु कार्यान्वयन गर्ने ।
- जलवायु विविधता र पहाडी क्षेत्रको विशिष्टता अनुरुप दीगो भूव्यवस्थापन गर्न पहल गर्ने ।
- खाद्यान्न, दुग्ध, मत्स्य, मासु र अण्डा सहित समग्र कृषि उत्पादन ३० प्रतिशतले वृद्धि गर्न पहल गर्ने ।

(ग) पर्यटन विकास मार्फत आर्थिक सवलीकरण

- जिल्लाको पर्यटन विकास योजना अध्यावधिक गर्ने र साझेदारीमा कार्यान्वयन गर्न पहल गर्ने ।
- नलगाड जलविद्युत आयोजनाको जलाशय भूगोल वरपर र माथिल्लो भागमा हरित सडक, स्केटिंग, जलविहार, उच्च अल्टिच्यूड खेलकूद, दुर्लभ चराचुरुंगी, वन्यजन्तु र वनस्पति अवलोकन, सवै जैविक विविधताको संरक्षण हुने गरी जलवायु परिवर्तन र विपद संवेदनशीलतालाई ध्यान दिदै सुन्दर वारेकोट/जाजरकोट/जुम्ला वीचका हिमालको मनोरम दृश्यावलोकन सहितका मन लोभ्याउने पथमार्ग, सडकमार्ग र हवाईमार्ग परिकल्पना विकास गर्ने ।
- जाजरकोट दरवारलाई संग्रहालय वनाउने र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, गौरव गाथा वोकेका भाषा, संस्कृति, साहित्य, कला सहितका हाम्रा गौरवको संरक्षण, अभिलेखन तथा प्रचार प्रसार गर्ने ।

(घ) सहकारिता र वित्तिय सेवा

- आय आर्जन र उत्पादनमा आधारित सहुलियत कर्जा लागु गर्ने ।
- जनताको जीवन सुरक्षा, उत्पादन, व्यावसायिकरण र आर्थिक समृद्धिमा सहयोग पुग्ने गरी वैक, विमा तथा अन्य वित्तिय सेवाको विस्तार, व्यवस्थापन र नियमन गर्ने ।

- सहकारी संस्थाहरुको सवलीकरण र संस्थागत विकास गर्ने र वैंक तथा र वित्तिय संस्था नियमन गर्ने ।

(ङ) युवा उद्यमशीलता, औद्योगिकरण र रोजगारी

- सवै स्थानीय तहमा कम्तिमा १ काष्ठ उद्योग सञ्चालन तथा १ वार्ड १ उत्पादन कार्यक्रम लागू गर्ने ।
- भर्चुयल विधिमा युवा लक्षित १ महिने प्रतियोगिता तयारी कक्षा संचालन गर्ने ।
- जडिवूटी तथा गैह्र काष्ठ वन पैदावारमा आधारित उद्यमशीलता विकासका लागि पहल गर्ने ।
- सवै स्थानीय तहमा व्यावसायिक एवं शीपमूलक प्रशिक्षण सञ्चालन गर्ने ।
- वारेकोट गाउंपालिका स्थित फलाम खानी, कुशे गाउंपालिका, छेडागाड नगरपालिका र जुनीचादे गाउंपालिका लगायतका क्षेत्रमा रहेका वहुमूल्य खनिज सम्पदाको उत्खनन तथा प्रशोधनको पहल गर्ने ।

(च) वन तथा वातावरण र विपद व्यवस्थापन

- जडीवूटी तथा गैह्र काष्ठ वन पैदावारमा आधारित उद्यमशीलताको विकासका लागि पहल गर्ने ।
- नीजि, सामुदायिक, कवुलियती सहितका राष्ट्रिय वन र नीजि वनको संरक्षण, सम्वर्द्धन गर्ने ।
- आर्थिक समृद्धिका लागि वनको वहुआयामिक उपयोगलाई व्यवस्थित वनाउने ।
- वन र सार्वजनिक जमीन तथा जैविक विविधता संरक्षण सम्वर्द्धन गर्न पहल गर्ने ।
- वातावरणमैत्री स्थानीय शासन संस्थागत गर्न प्रचलित व्यवस्था कार्यान्वयनका लागि पहल गर्ने ।
- जैविक विविधता, जल सम्पदा सहितका प्राकृतिक श्रोत साधनको संरक्षण र सम्वर्द्धनको पहल गर्ने ।

३. सामाजिक सांस्कृतिक रुपान्तरणका पहल

क) शिक्षा

- भौतिक पूर्वाधार अपर्याप्त भएका शिक्षण संस्थाहरुमा भवन लगायतका पूर्वाधारहरु निर्माण गर्ने ।
- सवै स्थानीय तहमा आवाशीय विद्यालय स्थापना गर्ने ।
- एस.ई.ई. र कक्षा ११ र १२ का विद्यार्थीहरुलाई १ महिना भर्चुयल कोचिंग कक्षा संचालन गर्ने ।
- सरोकारवालाहरुको सहभागितामा प्रत्यक वर्ष जिल्लामा शैक्षिक सम्मेलन आयोजना गर्ने ।
- वहुप्राविधिक शिक्षालयको छात्र/छात्रावास (ज्यकतर्भा) निर्माण गर्ने ।
- सामुदायिक विद्यालयमा जाने दरवन्दी र पूर्वाधार सहितका श्रोतहरुको न्यायिक वितरण गर्न लगाउने ।
- वर्तमान सिकाई उपलव्धिमा ५ वर्षमा २५ प्रतिशत वृद्धि गर्न पहल गर्ने ।
- सामुदायिक विद्यालयमा वजार माग अनुकूल प्राविधिक धार तथा व्यावसायिक शिक्षालय थप गर्ने ।
- भेरी ज्ञानोदय क्याम्पस लगायतका क्याम्पसमा स्नातकोत्तर तहमा विषय थप गर्न पहल गर्ने ।
- सार्वजनिक शिक्षण शिक्षण संस्थामा नियम विपरीत लिईने शुल्क संकलन वन्द गर्न पहल गर्ने ।

(ख) स्वास्थ्य

- जाजरकोट जिल्ला अस्पतालको सुविधा विस्तार तथा गुणस्तर सुनिश्चित गर्ने ।
- नागरिकको निशुल्क स्वास्थ्य सेवा प्राप्तिको अधिकार सवै स्वास्थ्य संस्था मार्फत संस्थागत गर्ने ।
- भेरी १० भूरचौरमा सुविधा सम्पन्न आयुर्वेद औषधालय निर्माण र संचालन गर्ने ।
- निर्माणाधीन आंखा अस्पतालमा आवश्यक श्रोत साधन व्यवस्था गरी गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- सवै स्वास्थ्य संस्थाहरुमा भौतिक/मानवीय श्रोत साधन व्यवस्था सहित गुणस्तरीय सेवा विस्तार गर्ने ।
- नागरिक आरोग्यताका लागि योगा र मानसिक स्वास्थ्य परामर्श विद्यालय स्तरवाटै आरम्भ गर्ने ।

(ग) कला, संस्कृति, भाषा, जीवन सभ्यता, साहित्य

- देउडा संस्कृति लगायत ख्याली, टप्पा, सिंगारु लगायत कला संस्कृतिको संरक्षण गर्ने ।
- परम्परागत शीप र पेशाको आधुनिकीकरण गर्दै संरक्षण र विकास गर्ने ।
- जाजरकोट दरवारलाई संग्रहालय वनाउने ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक, गौरव गाथा, भाषा, संस्कृति, साहित्य, कला संरक्षण, अभिलेखन गर्ने ।

(घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- वालवालिका, महिला, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, लोपोन्मुख, दलित, जनजाती, विपन्न, अति गरीवको सामाजिक सुरक्षा सुनिश्चित गर्न पहल गर्ने ।
- दलित समुदायको सवैधानिक अधिकार र आर्थिक सामाजिक रुपान्तरणका पहल गर्ने ।
- सार्वजनिक जीवनमा महिलाहरुको प्रतिनिधित्व, सहभागिता र पहुंच प्रवर्द्धन गर्ने पहल गर्ने ।
- सार्वजनिक संरचना तथा सेवामा अपांगता भएका व्यक्तिको पहुंच वृद्धि गर्ने ।

४. सुशासन, सार्वजनिक सेवा र संस्थागत क्षमता विकास

(क) सुशासन

- पारदर्शी, समावेशी र जवाफदेही शासन तथा भ्रष्टाचार रहित सार्वजनिक सेवा संस्थागत गर्ने ।
- आम नागरिक, सार्वजनिक निकाय र जनप्रतिनिधि वीचको नियमित सम्वाद गर्ने ।

(ख) सार्वजनिक सेवा

- कृषि, पशु, उद्योग, सहकारी सरकारी अनुदान र प्रोत्साहनमा विचौलियाको प्रभाव अन्त्य गर्ने ।
- सामाजिक सुरक्षा, नेपाली नागरिकता, राष्ट्रिय परिचयपत्र, वैंक खाता जस्ता सेवा प्रक्रियालाई सरल गर्ने ।
- स्थानीय तह, वडा, स्वास्थ्य संस्था, विद्यालय सहित सार्वजनिक निकायको क्षमता संस्थागत विकास ।
- पश्चिम र पूर्वमा ईलाका प्रशासन, जलाधार, वनष्पति, मालपोत र नापी कार्यालय स्थापना गर्ने ।

(ग) संस्थागत क्षमता विकास

- स्थानीय तह र सार्वजनिक निकायहरुको कार्यसम्पादन अवस्था सवल वनाउने ।
- प्रदेश र स्थानीय तहको योजना कार्यान्वयन र सेवा प्रवाहमा सहजीकरण र समन्वयको पहल गर्ने ।

नेपाली कम्यूनिष्ट पार्टी, जाजरकोट